# एउटा अर्को नक्षत्रको अस्त

- *कपिल लोहनी **

यो हप्ता नेपालको एक अर्को प्रखर नक्षत्रको अस्त भएको छ । आनन्ददेव भट्ट, जसको जागिरे जीवन एक कुशल अङ्ग्रेजी प्राध्यापकको रूपमा बितेको थियो, उहाँ खासगरी साहित्य, समालोचना र राजनीतिलाई बढी रुचाउनु हुन्थ्यो । राजनीतिक हिसाबले उहाँ एक वामपन्थी विचारक हुनुका साथै मार्क्सवाद र समाजवादको राम्रो ज्ञान राख्नु हुन्थ्यो । वि.सं. १९९३ साल आश्विन २५ गते जुम्लाको खलङ्गामा जन्मनुभएका भट्टको पुर्ख्यौली थलो महाकाली अञ्चल, बैतडी जिल्लाको दशरथचन्द नगरपालिका पल्लाचौँडली भएकोले पनि होला उहाँका कैयन् कृतिहरुमा शहिद दशरथ चन्दप्रति निकै श्रद्धा र ममता झल्केको । दशरथ चन्द र टङ्कप्रसाद आचार्य पनि समाजवादी चिन्तनबाट निकै प्रभावित व्यक्तिहरु हुनुहुन्थ्यो ।



तेह्र वर्षको उमेरमा यानी २००६ सालमा पश्चिम नेपालका विभिन्न ठाउँहरुमा जागिरे पितासँग बस्दै र पढ्दै काठमाडौँमा अध्ययनको निम्ति ल्याइनु भएका आनन्ददेव भट्टमा १९९७ सालमा आफ्नो थातथलोका महान् व्यक्ति दशरथ चन्दलाई गोली हानेर राणाशाहीहरुले मारेको घटनाले निकै नै बिचलित बनाएको थियो । आखिर केही वर्ष पछि उहाँले दशरथ चन्दबाट प्रेरित भएर त्यतिबेला आर्जेको राजनीतिक चेतनाले गर्दा नै '१९९७ साल' नामक प्रख्यात काव्य लेख्नु भएको थियो । २००७ सालको राणाशासन विरुद्धको क्रान्ति र त्यसपछिका उथलपुथलले पनि उहाँमा ठूलो राजनीतिक चेतको विकास गर्न मद्दत पुऱ्यायो । त्यतिखेर काठमाडौँको कालिकास्थान र डिल्लीबजार क्षेत्र वौद्धिकता र राजनीतिको उद्‌गम स्थल नै थियो । आनन्ददेव भट्टको परिवारले काठमाडौँमा आएको केही समय पछि अर्थात् २०१२ सालतिर डा. यादवप्रसाद पन्तको कालिकास्थानस्थित पुरानो घरमा निकै समयसम्म बसोवास गरेर पछि त्यही छिमेकमा घर-जग्गा खरिद गरेर आफ्नो घरमा बस्न थाल्नु भएको हो । कालिकास्थानमा खासगरी उप्रेती, पन्त, लोहनी, पाण्डे र रिमाल परिवारसँग केही नातो समेत पर्ने भएकोले उहाँको घनिष्ट सम्बन्ध रहन गयो । आफुभन्दा उमेर र अनुभव बढी भएका व्यक्तिहरु त्रैलोक्यनाथ उप्रेती, यादवप्रसाद पन्त, अरविन्दनाथ रिमाल, चन्द्रधर उप्रेती, मेरा पिता गोविन्दप्रसाद लोहनी आदि बीच हुने गरेका राजनैतिक, सामाजिक, आर्थिक र मनोवैज्ञानिक छलफलहरु प्रशस्त मात्रामा सुन्न पनि पाउनु हुन्थ्यो उहाँले । डा. यादवप्रसाद पन्त कहाँ नै एकताका डेरा गरेर बसेका डा. दीव्यदेव भट्ट र उद्धवदेव भट्टले पनि यस्ता भेलाहरुमा बरोवर भाग लिइरहनु हुन्थ्यो ।

खासगरी अरविन्दनाथ रिमाल र गोविन्दप्रसाद लोहनीको दिक्षा र मार्गदर्शनबाट नै उहाँ बिस्तारै मार्क्सवादतिर ढल्कन थाल्नु भएको हो भने २००८ सालमा उहाँलाई कम्युनिष्ट पार्टीको निकट पुऱ्याउने व्यक्ति पनि उहाँहरु नै हुनुहुन्थ्यो । गोविन्दप्रसाद लोहनी त झन् उहाँका राजनीति, दर्शन, साहित्य र समालोचनाका गुरु समान नै हुनुहुन्थ्यो । त्यतिबेलाको प्रगतिशील अध्ययन मण्डलमा हुने गरेको गोविन्दप्रसाद लोहनी तथा अन्य विद्वानहरुको मार्क्सवाद तथा अन्य समसामयिक विषयहरुका प्रवचनहरुबाट प्रभावित भई लोहनीसँग निकै निकट भएर उहाँको घरमा समेत गएर प्रशिक्षण लिने गरेका तथा उहाँको संकलनमा भएका लेख तथा पुस्तकहरु पढ्ने अवसर पाएका त्यतिबेलाका आनन्ददेव भट्ट लगायत रविन्द्रनाथ रिमाल, शक्ति लम्साल, भैरव अर्याल, दामोदर अर्याल, रमेश विकल, कीरेन्द्र सिंह केसी, रविन्द्र अर्याल, हेमराज जोशी, विजयनाथ उप्रेती, रामचन्द्र महर्जन, भुवनेश्वर खत्री आदि त लोहनीका राजनीतिक शिष्य नै थिए । ती मध्ये पनि

आनन्ददेव भट्ट, शक्ति लम्साल, रविन्द्रनाथ रिमाल आदि त लोहनी जस्तै प्रखर वक्ता नै बन्न पुगे । श्री अरविन्दनाथ रिमालसँग केही समय पहिले भलाकुसारी गर्ने मौका पाउँदा पनि उहाँले यी कुराहरु बताउनु भएको थियो । भट्टकै जन्मथलो सुदुरपश्चिमाञ्चलबाट काठमाडौं आएर गोविन्दप्रसाद लोहनी र प्रगतिशील अध्ययन मण्डलको प्रशिक्षणमा रहनु भएका किसान आन्दोलनका अभियन्ता भिमदत्त पन्तको पनि राज्यस्तरबाटै निर्मम हत्या भएपछि आनन्ददेव भट्टमा अझ बढी क्रान्तिकारी सोचको विकास हुँदै गएको थियो । पुष्पलाल श्रेष्ठ र त्यतिबेलाका कम्युनिष्ट पार्टीका प्रमुख नेताहरुसँगको भट्टको पहिलो भेटघाट पनि गोविन्दप्रसाद लोहनीले नै गराइ दिनु भएको हो । पछि त लोहनी र भट्ट जीवनभरका साथी नै हुन पुगे ।

वि.सं. २००८ सालदेखि २०१२-१३ सालतिर सम्म टुँडिखेलको महाङ्कालस्थानको दक्षिणपट्टिको चौरमा साँझपख भेला भएर राजनीतिदेखि साहित्य, दर्शन र आर्थिक विकास तथा इतिहास र अन्य विषयहरुमा हुने वहस तथा छलफलहरुमा भागलिन आनन्ददेव भट्ट पनि जाने गर्नु हुन्थ्यो । त्यस मण्डलीलाई जीवन्त राख्ने र सक्रिय तुल्याउने व्यक्तित्व गोविन्दप्रसाद लोहनी नै हुनुहुन्थ्यो । उहाँ त्यतिबेला वौद्धिक, प्रगतिशील र कम्युनिष्ट खेमाका मूर्धन्य नायक नै हुनुहुन्थ्यो र उहाँकै संगतमा धेरैले नयाँ नयाँ विचार लिने गर्दथे । लोहनी कै प्रशिक्षण र प्रवचनबाट हजारौं युवाहरुले त्यतिबेला कम्युनिष्ट र समाजवादी विचारधारा अंगाल्न थालेका थिए भने कालान्तरमा ती मध्ये कैयन् व्यक्तिहरु मुलुक हाँक्ने र संसदमा गएर कानुन बनाउने हैसियतमा सम्म पुगे भने निकै धेरै व्यक्तिहरु अर्थशास्त्र, साहित्य र दर्शनका विद्वान हुन पुगे ।

गोविन्दप्रसाद लोहनीको घरमा त्यतिबेला आनन्ददेव भट्ट, रविन्द्रनाथ रिमाल, मोहम्मद मोहसिन, गोविन्द भट्ट, गणेशराज सिंह, भुवनेश्वर खत्री, पोषण पाण्डे, पुष्कर लोहनी, मदनमणि दिक्षित, कृष्णमान श्रेष्ठ, देवेन्द्रराज उपाध्याय, मदनदेव भट्टराई, राजेश्वर देवकोटा, राधाप्रसाद घिमिरे, दौलतविक्रम विष्ट, कमलराज रेग्मी, श्रीभद्र शर्मा, जगतमोहन अधिकारी, वल्लभमणि दाहाल, उत्तम कुँवर, कुमार नेपाल आदि भेला भएर साहित्यिक कुराकानी गर्नुका साथै आआफ्ना कृतिहरु सुनाउने काम गर्दथे भने त्यहीं त्यस्ता कृतिहरुको समालोचना समेत हुन्थ्यो ।

आनन्ददेव भट्टले पनि यस्ता जमघटहरुमा आफ्ना कविता, कथा, निवन्धहरु आदि सुनाउने गर्नु हुन्थ्यो । गोविन्दप्रसाद लोहनीसँग राजनीति, साहित्य, दर्शन आदिका छुट्टै सेसन पनि उहाँको चलि नै हाल्दथ्यो । यस्तै बेलातिर उहाँले '९७ साल', 'ओमर खैयामलाई जवाफ', 'जीवनकै थुम्कोबाट' जस्ता काव्य र 'गुराँस' र 'आमा बोलाउँछिन्' जस्ता कविता सङ्ग्रहहरु प्रकाशन गर्नुभयो ।

उहाँमा क्रान्तिकारी र परिवर्तनकारी युवा जोश यति धेरै थियो कि एक पटक पशुपतिनाथको मन्दिर भित्र जुत्ता लगाएर पस्न किन नपाउने भनेर उहाँ निकै बेर त्यहाँका सुरक्षाकर्मीहरुसँग वहस गरेर हाम्रो घरमा आउनु भएको थियो । उहाँको कुरा सुनेर मेरा पिताजीले हाँस्दै 'हेर्नोस् सबै सामन्त र निरङ्कुश शासकहरुले धर्म, राष्ट्रियता र संस्कृतिलाई ढाल बनाएर जनतामा भ्रम फैलाइरहेका हुन्छन् । तर हामीले एकजना सुरक्षाकर्मीसँग वहस गरेर के फाइदा हुन्छ ? अर्को कुरा श्रद्धालुहरुले जुत्ता फुकालेर खाली खुट्टा धार्मिक स्थलहरुमा जानु पर्ने नियम त हिन्दू, वौद्ध र इस्लाम तथा अन्य धर्म र विश्वासहरुमा पनि हुन्छ । हामीले उनिहरुको विश्वास र भावनामा ठेस पुऱ्याउने काम गर्नु हुँदैन । बोल्ने र लेख्ने नै हो भने बरु हिन्दू धार्मिक स्थलहरुमा पनि सबै धर्म मान्ने व्यक्तिहरुले प्रवेश पाउने कुरा गरौंन । त्यो पनि तपाईं र म जस्ता भौतिकवादी चिन्तकहरुले अन्य धेरै परिवर्तनकारी कुराहरु बारे सोच्नु पर्ने बेलामा यस्ता झिना मसिना कुरामा किन लागिरहने ?' भन्नु भएपछि उहाँ एकछिन सोच मग्न भएर पछि मुस्कुराउन थाल्नु भयो । एकचोटी पञ्चायत कै समयमा उहाँले कतै भाषण गर्दा वा कुनै लेखमा 'राजालाई मेरो पाउले स्वस्ति छ' भन्दा त्यो कुरा त्यतिबेला ठूलै समाचार बन्न पुगेको थियो, तर उहाँलाई कुनै कार्वाही भने भएन ।

२०१७ सालतिर उहाँले भारतको पटनाबाट अङ्ग्रेजीमा स्नातोकत्तर उतिर्ण गरेर आए पश्चात त्रिभुवन विश्वविद्यालयमा शिक्षण पेशा शुरु गर्नु भयो र धनकुटा, धरान र चितवनमा गरी झण्डै १३ वर्ष प्राध्यापन गर्नु भयो । त्यो बेला पनि उहाँले 'तिमीलाई देख्दा', 'साहिँली मैया', 'युरी एलेक्सेयेभिच गागरिन', 'समालोचनाको बाटोतिर', 'जनताको शत्रु' र 'हाम्रा प्रतिभाहरु' जस्ता कृतिहरु प्रकाशन गर्नु भयो । अङ्ग्रेजीका प्राध्यापक भएता पनि उहाँबाट विद्यार्थीहरुले वामपन्थी राजनीतिका सुत्रहरु पनि जान्ने मौका पाउँथे । पञ्चायती प्रशासनले त्यतिबेला उहाँलाई निकै निगरानीमा राखेको थियो

। लेखनमा कसले कति धेरै लेख्यो भन्दा पनि कसले कति गुणात्मक किसिमको लेख्यो भन्ने कुराले बढी मूल्य कायम गर्दो रहेछ भन्ने मान्यता उहाँ राख्नु हुन्थ्यो ।

आफुले कैयन् कविता सङ्ग्रहहरु सिर्जना गरेको भए पनि एक सफल कवि हुन नसकेको कुरा उहाँ स्विकार्नु हुन्थ्यो र वारम्वार भन्ने पनि गर्नुहुन्थ्यो । आफुले प्राध्यापनको क्रममा मुलुकका विभिन्न महत्वपूर्ण ठाउँहरुमा बस्दा आफ्ना विद्यार्थीहरुलाई अङ्ग्रेजी भाषा र साहित्यको साथै नेपाली साहित्य, कविता र राजनीतिक विचारधारा समेत सिकाउन पाएको र आफ्ना विद्यार्थीहरु मध्ये कतिपयले यी विधाहरुमा निकै विद्वता र ख्याती प्राप्त गरेकोमा आफुलाई ज्यादै गर्वको अनुभूति हुने गरेको कुरा पनि उहाँ बताउनु हुन्थ्यो । तर भाषा, साहित्य, दर्शन, राजनीति जस्ता सबै गहन विषयहरुमा बराबर लागेकोले आफु कुनैमा पनि चाहे जस्तो उँचाईमा पुगे जस्तो आभास नभएको कुरा पनि बेला बखत भनिरहनु हुन्थ्यो । यस्तो कटु सत्य एक सच्चा तथा अति पारदर्शी विद्वत व्यक्तित्वले मात्र सहज रूपमा व्यक्त गर्न सक्दछ ।

२०३६ सालको जनमत सङ्ग्रहमा होस् वा २०४६ सालको जनआन्दोलनमा होस् आनन्ददेव भट्ट सँधै नेपालमा बहुदलीय प्रजातान्त्रिक प्रणालीको पुनर्वहाली होस् भन्ने ध्येयले नै लागिरहनु भयो । आन्दोलन र त्यसपछिका समयमा पनि उहाँले विभिन्न लेखहरु मार्फत आफ्ना राजनैतिक विचारधाराहरु जनता माझ ल्याइ नै रहनु भयो । नेपाल कम्युनिष्ट पार्टीमा पुराना र नयाँ माले पार्टी बीच एकता भएपछि मनमोहन अधिकारी जस्ता पुराना तथा इमान्दार नेताहरुले आनन्ददेव भट्टजस्ता विद्वत वर्गहरुलाई पार्टीमा भित्राउने कोशिश त गऱ्यो तर मालेबाट राजनीति शुरु गरेका अधिकांश नेताहरुलाई यस्ता निष्ठावान तथा विद्वत वर्गहरु माथि कुनै श्रद्धा नभएको र आफ्नै साँधुरो संसार, ज्ञान र अनुभवको मण्डलीभित्र नै उनिहरुले सबै चिज भेट्ने अल्पदृष्टिले गर्दा उनिहरुको नजरमा आनन्ददेव भट्ट वा गोविन्दप्रसाद लोहनीहरु बुद्धिजीवी वर्गमा नै पर्न सकेनन् । मनमोहन अधिकारी तथा नेकपा मार्क्सवादीको इतिहास र मद्दतले एकचोटी अल्पमतको सरकारमा पुगेका कम्युनिष्टहरुले वाध्यताले गर्दा उहाँलाई एक पटक प्रधानमन्त्री हुने अवसर दिएका भएता पनि यिनै नासमझ र निर्मम नेताहरुले उहाँ निकै विरामी हुँदा पनि चुनाव प्रचारमा लगेका र अस्पतालको सघन उपचार कक्षबाट पनि चुनाव प्रचार गर्न लगाएकोले नै चरम धपेडीका कारण उहाँको त्यति छिटो निधन भएको थियो । त्यसैले एक पल्ट चुनावमा लड्ने अवसर पाएता पनि आनन्ददेव भट्टले आफ्नै पार्टीको बलियो समर्थन र सहयोग नपाएकोले उहाँ चुनावमा पराजित हुनु भयो । यस्तै हविगत गोविन्दप्रसाद लोहनीले पनि पञ्चायती व्यवस्थाको बेला भएको अन्तिम चुनावमा भोग्नु परेको थियो । तर सान्त्वनाको रूपमा आनन्ददेव भट्टलाई गोविन्दप्रसाद लोहनीले यो पराजयलाई पनि एक अनुभवको रूपमा लिएर कसैको निन्दा नगरी आफ्नो वौद्धिक अभ्यास र लेखन कार्यलाई जारी राख्नु पर्ने कुरा बताउनु भएको थियो । यस्तै कुरालाई मनन गरेर उहाँले सकारात्मक रूपमा आफ्नो लेखन र वौद्धिक कार्यलाई निरन्तरता दिनु भएको थियो । पछि एक पत्रिकालाई दिनु भएको अन्तर्वार्तामा आनन्ददेव भट्टले 'राजनीतिज्ञको काम कुनै पनि राजनैतिक सिद्धान्तलाई व्यवहारमा ढाल्नु हो भने बुद्धिजीवीको काम सैद्धान्तिक विचारले कस्तोसम्म परिणाम ल्याउन सक्छ, सो केलाउनु हो, तर विचार गर्ने काम त यावत् विचारशील मानव मात्रको हो भन्नु भएको थियो ।

जनआन्दोलन पश्चात पनि भट्टले 'जगतको सृष्टि र सञ्चालन प्रक्रिया', 'प्रतिभा पहिचान', 'जनताको साहित्य, स्वतन्त्रता र कम्युनिष्टहरु', 'केही आत्मपरक निबन्धहरु', 'समय साहित्य' आदि जस्ता कृतिहरु प्रकाशित गर्नुभयो । सबै गरेर उहाँले आफ्नो जीवनभरमा करिव दुई दर्जन जति उत्कृष्ट पुस्तकहरु र सयौं लेख तथा कविताहरु प्रकाशन गर्नुभएछ ।

प्रगतिशील लेखकको परिभाषा नै नेपालमा गलत तवरले गरिएको कुरा बताउँदै आनन्ददेव भट्ट 'प्रगतिशील भनेको त्यो लेखक हो जसले समाजमा अघि बढ्न चाहने कुनै पनि मान्छे वा समाजलाई असल कार्य गर्नको निम्ति अग्रसर हुन प्रोत्साहन गर्ने र अरूलाई बढी उत्साही बनाउने गरी लेख्ने काम गर्दछ' भन्नु हुन्थ्यो । एउटा अन्तर्वार्तामा गोविन्द प्रसाद लोहनीले पनि प्रगतिशील लेखन बारे भन्नु भएको छ, 'साहित्यमा प्रगतिशील भनेको र भन्दै आएकोमा म आफै कन्फ्युजमा छु । पहिले वामपन्थीले लेखेकोमात्र प्रगतिशील भन्थे । मलाई लाग्छ - समाजमा भएका हरेक अन्याय, अत्याचारविरुद्ध लड्नु प्रगतिशील हो, जुनसुकै खेमाका स्रस्टाले लेखे पनि त्यो प्रगतिशील नै हुन्छ । व्यापक, गहन, विविधतापूर्ण र प्रत्यक्ष अनुभूतिबाट यथार्थको ज्ञान हुन्छ, सम्वेदना तीक्ष्ण र प्रष्ट हुन्छ, अभिव्यक्ति प्रभावशाली हुन्छ । मध्यम र अन्य वर्गसँग संगत गरेर मात्र साहित्यकारलाई पुग्दैन । गाउँलेको र गैरकृषकको, विभिन्न क्षेत्रका समुदायका नेपालवासीको निकट पुगेर तिनको भावजगत्मा पस्ने कोसिस गर्नुपर्छ अनि बनिन्छ गोर्की, प्रेमचन्द, फणिश्वर नाथ रेणुजस्तो । नेपालका वामपन्थी लेखकले नारामात्र बढ्ता लगाएको देखिन्छ, उत्कृष्ट जनसाहित्य सृष्टि गरेको भने देखिन्न । वामपन्थी पाण्डित्य

प्रदर्शन र क्रोध, घमण्ड, उत्तेजनामा सीमित रहे कसरी महान प्रगतिशील साहित्य पैदा हुने ? साहित्यमा गोर्की कम्युनिष्ट छैनन्, टल्सटाय पनि साहित्यमा कम्युनिष्ट छैनन्, कम्युनिष्ट नै हिरो भएको त्यस्तो प्रख्यात साहित्य मलाई थाहा छैन ।'

पछिल्ला केही वर्षदेखि आनन्ददेव भट्ट अल्जाइमर्स डिजिजले गर्दा बिस्तारै लेखन र अध्ययन कार्यबाट टाढा हुँदै जानु भयो । बिस्तारै उहाँको स्मरण शक्ति कमजोर हुँदै गयो तर शारीरिक स्वास्थ्य भने पछिसम्म पनि निकै राम्रो थियो । स्मरण शक्ति कमजोर हुँदा पनि उहाँले आफ्ना गुरु समानका अग्रज साथी गोविन्दप्रसाद लोहनीलाई पछि सम्म पनि सम्झिरहनु हुन्थ्यो । केही वर्ष अघि उहाँले आफ्नी अर्धाङ्गीनी श्रीमती शुशिला भट्टलाई गोविन्दप्रसाद लोहनी कहाँ जाउँ भनेर लिएर हामी कहाँ आउनु भयो । उहाँको स्मरण शक्ति त्यतिबेला निकै कमजोर भइसकेको थियो । मेरा पिताजीसँग भेटेर निकै भावविभोर हुनुभएका उहाँले एकैछिनमा आफुले कोसँग भेट्न आएको र आफुसँगै बसिरहेको वयोवृद्ध व्यक्ति को हुन् भनेर सोध्नु हुँदा हामी ज्यादै छक्क परेका थियौं भने कुनै समयमा वौद्विकताको शिखरमा पुगेका व्यक्तिहरुलाई पनि उमेर पाको हुँदै गएपछि प्रकृतिले कसरी बालकोचित व्यवहार गर्न वाध्य बनाउँदो रहेछ भनेर निकै दुख लाग्यो । त्यतिबेला उहाँभन्दा आठ वर्ष जेठा हाम्रा पिताजी पनि आँखा भरी आँशु पारेर आनन्ददेव भट्टलाई सुम्सुम्याउँदै 'आनन्ददेव त म भन्दा पनि बुढो भइसकेछन्' भनेर हाँस्नु भएको थियो । शारीरिक रूपले भने तन्दुरुस्त देखिने भट्ट पनि मेरा पिताजीलाई हेरेर निकै स्नेहका साथ मुस्कुराउनु भएको थियो । जीवन यस्तै रहेछ ।

मेरा पिताजीको नव्वे वर्षको जन्मदिनमा तीन वर्ष अघि आनन्ददेव भट्ट अन्तिम चोटी हाम्रो घरमा आउनु भएको थियो । त्यतिबेला उहाँले मेरा पिताजीलाई जन्मदिनको वधाई समेत दिनु भएको थियो । त्यसपछि भने विस्तारै उहाँ घरमा नै बस्ने गर्न थाल्नु भएछ । म केही पटक उहाँलाई भेट्न उहाँको कालिकास्थान स्थित घरमा गएको थिएँ तर उहाँले मलाई देखेर मुस्कुराउनु भए पनि चिन्न भने सक्नु भएन । मेरा पिताजीको निधनको खवरले पनि उहाँलाई कुनै असर परेन किनकी उहाँको चेतना र स्मरण शक्तिमा त्यतिबेलासम्म निकै कमी आइसकेको थियो । निकट भविश्यमा प्रकाशन हुन लागेको मेरा पिताजीको स्मृति ग्रन्थमा उहाँको लेख राख्न पनि उहाँको स्वास्थ्यले गर्दा नमिलेकोले उहाँकी धर्मपत्नी जो आफै पनि अवकासप्राप्त प्राध्यापिका हुनुहुन्छ, उहाँले नै आफ्ना पतिको प्रतिनिधित्व गरेर एउटा लेखको लागि प्रसस्त सामग्री मौखिक रूपमा नै उपलब्ध गराउनु भएको छ । केही दिन अघि आनन्ददेव भट्टको निधनको खवरले स्तव्ध भएर म हतारिँदै आर्यघाट पुगेँ र उहाँको अन्तिम दर्शन गरेँ, अनि मन मनै सोचेँ, 'एकै सोच, विचार र धरातलमा हिँडेका दुई अति इमान्दार र विद्वान मित्रहरुको उमेरमा झण्डै एक दशककै फरक हुँदा पनि दुबैजनाको यस धरतीबाट वहिर्गमन चाहीँ एकै वर्ष भित्र कसरी भएको होला ।

* *लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।*

*२०७८ साल भाद्र १८ गते*